मध्यविन्दु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

☎ ०७८-४१०१२७
४१०१२८

प.सं.
च.नं.

# सेवा करार सम्बन्धी सूचना।

(प्रथम पटक सूचना प्रकाशन मिति २०८०/०९/०४)

यस मध्यविन्दु नगरपालिका अन्तर्गत देहाय बमोजिमका कर्मचारी आवश्यक परेको हुँदा सेवा करारमा पदपूर्तिका लागि दरखास्त आव्हान गरिएको छ । योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिन भित्र यस कार्यालयमा तोकिएको ढाँचामा पासपोर्ट साइजको दुई प्रति फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र अनुभवको प्रमाणपत्र सहित आवेदन दिनुहुन जानकारी गराईन्छ।

| विज्ञापन नं. | पद/तह | माग संख्या | कैफियत |
|---|---|---|---|
| २/२०८०/८१ | नापी सर्भेक्षक/पाँचौं | १ | भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको जग्गा नापजाँच सम्बन्धी काम। |
| ३/२०८०/८१ | अमिन/चौथो | १ | |
| ४/२०८०/८१ | अ.न.मि./चौथो | १ | आधारभूत स्वास्थ्य सेवा केन्द्र। |
| ५/२०८०/८१ | सरसफाई सुपरभाइजर/पाँचौं | १ | सरसफाई प्रवर्द्धन सम्बन्धी काम। |

क) **दरखास्त दिने अन्तिम मिति र दस्तुरः** सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र। दरखास्त दस्तुर रु.५००/-

ख) **आवश्यक न्यौनतम शैक्षिक योग्यताः-**

**नापी सर्भेक्षकः** Diploma in Geomatics Engineering विषय उत्तिर्ण गरेको ।

**अमिनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस. एल. सी. वा सो सरह उतिर्ण गरी सर्भे वा जियामेटिक्स विषयमा कम्तिमा एक वर्षको तालिम प्राप्त गरेको ।

**अ.न.मी.:** नेपाल सरकारको मान्यताप्राप्त शिक्षण संस्थाबाट अ.न.मि. उत्तिर्ण गरी नेपाल नर्सिङ परिषद्मा दर्ता भएको।

**सरसफाई सुपरभाजरः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको।

ग) **योग्य उमेरः** १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको)।

घ) **छनौट विधिः-**मध्यविन्दु नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधी २०७५, बमोजिम।

**द्रष्टव्यः** रितपूर्वक पेश नभएका तथा म्याद नाघी दर्ता हुन आएका आवेदन उपर कुनै कारवाही गरिने छैन। छनौट एवं सिफारिस समितिले मापदण्ड पुरा गरेका आवेदनलाई मात्र संक्षिप्त सूची (Short List) मा समावेश गर्नेछ ।

२०८०।०९।०४
रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत